annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५३ पृष्ठ ८ | काठमाडौं, शनिबार ७ असार २०८२ | आषाढ कृष्णपक्ष दशमी नेपाल संवत् ११४५ | SATURDAY, JUNE 21, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



स्थानीय सरकारसँग बालबालिकाको बालकचहरी।
● भरतराज विष्ट

कभर स्टोरी


# कर्णालीमा बालकचहरी, तर, किन सुन्दैनन् तीनै तहका सरकार ?

**भविष्यका कर्णधार हुन्, बालबालिका। तर, उनीहरूका समस्या के हुन् ? कसरी उनीहरूलाई सबल नागरिक बनाउन सकिन्छ ? यसतर्फ तीनवटै तहका सरकार गम्भीर देखिँदैनन्। त्यसैकारण कर्णालीका बालबालिकाले बालकचहरी सुरु गरेका छन्। जहाँ, उनीहरूले आफ्ना मनका खुल्दुली र जिज्ञासा पोख्छन्, तर, सुनिदिने सरकारी निकाय गम्भीर देखिएका छैनन्। त्यसैले भविष्यका कर्णधारका अब्बल प्रश्न/जिज्ञासाको समयमै खोजी गरी देश विकासको खाका कोर्नेतर्फ तीनवटै सरकार जिम्मेवार बन्नुपर्ने आवश्यकता छ।**

**भरतराज विष्ट** | *कालीकोट* – को रिपोर्ट

समाचार पृष्ठ २

## भित्री पृष्ठ



रित्तिँदा गाउँ, भरिला सपना - पृष्ठ ३




कोरियाको रातो कार्पेटमा नेपाली पाइला - पृष्ठ ४



देउडा, तिउँडा र न्याउला - पृष्ठ ५




साढे २ खर्बको निर्यात, ७७ प्रतिशत वृद्धि - पृष्ठ ७

# जब चालकले बाढी आएकै खोलामा बस हेले

**रमेश बस्ताकोटी** | *नवलपुर*

दुम्कीबासको विनयी खोलामा बिहीबार राति बाढी आएको थियो। नेपालगन्जबाट काठमाडौंतर्फ गइरहेको मे १ ख ४०८५ नम्बरको बसका चालकले जबरजस्ती खोलामा बस हेले। तर, बस खोला पार भएन। बाढीको भेलका कारण बीच खोलामा बस रोकियो। ३८ जना यात्रुको ज्यान जोखिममा पर्‍यो। प्रहरी, स्थानीयबासी र व्यवसायी तत्काल उद्धारमा खटिए। ठूलो दुर्घटना हुनबाट टर्‍यो।

वर्षाले अस्थायी डाइभर्सन बगाएको थियो। प्रहरीले रोक्न खोज्दा बस चालकले टेरेनन्। जबरजस्ती बस खोलामा हालेको प्रहरी नायब उपरीक्षक मधु नेपालले बताए। उनका अनुसार प्रहरी उपरीक्षक यादव ढकालको नेतृत्वमा १५० प्रहरी र सयौं स्थानीय उद्धारमा खटिएका थिए।

यात्रुबस खोलाको बीचमा अड्किएपछि तीन घण्टाको त्रासपूर्ण समय बिताएका यात्रुहरूलाई प्रहरीको सक्रियतामा सकुशल उद्धार गरिएको थियो। नेपालगन्जबाट काठमाडौं हिँडेको उक्त बस नारायणगढतर्फ बाढीका कारण खोलाको बीचमै फसेको थियो। चालकले जोखिमको बेवास्ता गर्दै गाडी अगाडि बढाएपछि बस खोलामै थुनिएको हो।



**बाँच्ने आशा थिएन : यात्रु**

बस अड्किएपछि यात्रु अँध्यारो, बाढीको गर्जन र भिजेको वातावरणबीच त्रसित बने। बसमा सवार बालबालिका र महिला रोइरहेका थिए। उद्धारमा संलग्न प्रहरी नायब उपरीक्षक मधु नेपालका अनुसार बसका यात्रुमा कोलाहल मच्चिएको थियो। 'यात्रुहरू चिच्याइरहेका थिए, उनीहरू छिटो उद्धार चाहन्थे। अँध्यारो समयमा हामीसँग उद्धार सामग्री पनि कम थियो। तर, हिम्मत नहारी सबैलाई उद्धार गर्न सफल भयौं।' उनले स्थानीय क्रसर व्यवसायीले समयमा नै स्काभेटर पठाए र स्थानीयको सक्रियताका कारण उद्धार सफल भएको बताए।

बसका यात्रु कपिलवस्तुका दीपकबहादुर थापाले चालकले चरम लापरबाही गरेको बताए। उनले भने, 'हामी सबैले चालकलाई रोक्न भनेका थियौं। पानी तीव्र थियो, तर उनले बेवास्ता गर्दै गाडी चलाए। केही बेरमै गाडी खोलाको बीचमा थुनियो। ज्यान बच्ने आशा हराइसकेको थियो।' आफूहरूलाई सकुशल उद्धार गरेकामा उनले प्रहरी र स्थानीयलाई धन्यवाद दिए।

**स्काभेटरको बकेटमा राखेर उद्धार गरियो**

बसमा फसेका यात्रुको उद्धारका लागि स्काभेटर प्रयोग गरिएको थियो। यात्रुहरूलाई एक-एक गरी स्काभेटरको बकेटमा राखेर खोलाबाट निकालिएको प्रहरी नायब उपरीक्षक नेपालले बताए। 'खोलाको बहाब तीव्र थियो, गाडी खोलाको बीचमा अड्किएको थियो,' उनले भने,'जोखिमपूर्ण भए पनि हामीले यात्रुको ज्यानलाई प्राथमिकतामा राख्दै उद्धार गर्न सक्यौं।' बसमा बालबालिका र नवजात शिशुसमेत सवार थिए।

यात्रु र प्रत्यक्षदर्शीको भनाइअनुसार चालकले बाढी देखे पनि गाडी अघि बढाएका थिए। इलाका प्रहरी कार्यालय दुम्कीबासले लापरबाहीपूर्वक सवारी सञ्चालन गरेको आरोपमा प्रारम्भिक अनुसन्धान थालेको जानकारी दिएको छ।

» बाँकी पृष्ठ ६

# कात्तिक दोस्रो साता उपनिर्वाचन गर्ने तयारी

**काठमाडौं** (अन्नपूर्ण) : निर्वाचन आयोगले कात्तिकको दोस्रो साता प्रतिनिधिसभा उपनिर्वाचनको प्रस्ताव गरेको छ। आयोगका पदाधिकारीले शुक्रबार प्रधानमन्त्री केपी ओलीसँग भेट गर्दै प्रतिनिधिसभा, प्रदेशसभाका रिक्त स्थान र राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १८ स्थानसहित स्थानीय तहका रिक्त स्थानमा उपनिर्वाचनबारे परामर्श गरेको छ।

प्रधानमन्त्री ओलीलाई आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तहरूले भेटेर आगामी कात्तिकको दोस्रो साता प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचन गर्न र राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १८ स्थानका लागि निर्वाचन तय गर्ने विषयमा छलफल गरेको हो। प्रतिनिधिसभाका सदस्यको रूपन्देही क्षेत्र नं. ३ र गण्डकी प्रदेशसभाको मनाङ क्षेत्र नं. १ (२) को रिक्त सदस्यका लागि कात्तिकको दोस्रो साता निर्वाचन गर्ने गरी नेपाल सरकारको परामर्शमा यही असार १६ गतेभित्र आयोगले मिति तोक्ने तयारी गरेको छ।

» बाँकी पृष्ठ ६

# मुलुककै पहिलो ओभरपास सञ्चालनमा

**सुनिता कार्की** | *काठमाडौं*

ललितपुरको ग्वार्कोमा नवनिर्मित ओभरपास औपचारिक रूपमा सञ्चालनमा आएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार ओभरपासको उद्घाटन गरेसँगै यातायात सञ्चालन गरिएका हुन्। ओभरपासको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले नेपालकै पहिलो ओभरपास सञ्चालनले यस क्षेत्रको ट्राफिक जाम हट्ने विश्वास व्यक्त गरे।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले उद्घाटन गरेका थिए। इन्जिनियरिङ प्रोक्युरमेन्ट कन्स्ट्रक्सन (ईपीसी) ढाँचामा १७ करोड ६ लाख ८८ हजारमा आशिष समानान्तर रेलिगेर जेभीद्वारा निर्माण भएको यो ओभरपास नेपालकै पहिलो हो। कुल ५ सय ४० मिटर अप्रोच सडक रहेको यसमा ३५ मिटर स्पानको ४ लेन पुल निर्माण भएको छ। ग्वार्कोचोकको ट्राफिक जामलाई हटाउन २०७८ सालमा यसको निर्माण आरम्भ भएको थियो।

प्रधानमन्त्री ओलीले सरकारले बहुआयामिक र चौतर्फी ढंगले विकास अगाडि बढाएकाले यसमा सबैको साथ रहने विश्वास व्यक्त गरे। 'हामी विकासको बाटोमा लगातार अगाडि बढिरहेका छौं। हिजो दैलेखमा नेपाललाई ५० वर्ष पुग्ने मिथेन ग्यास रहेको प्रमाणित भयो। तीनवटा कुवामध्ये एउटा कुवाबाट त्यति ग्यास पैदा हुन्छ। त्यसको उत्खननको सुरुवात पनि मैले नै गरेको थिएँ।



धौवादी फलाम कारखाना सुरु भएपछि नेपालमै फलाम उत्पादन भई देशको अर्थतन्त्रलाई धेरै अगाडि बढाउनेछ।', प्रधानमन्त्री ओलीले भने, 'यसरी विकास हुँदा विदेश जाने मुद्रा नेपालमै रहन्छ। ठूलो आर्थिक लाभ र स्वदेशमै रोजगारी मिल्नेछ। अरू खनिजको उत्खनन गर्नेछौं। कृषिको आधुनिकीकरण गर्नेछौं। नयाँ उद्योग स्थापना, सामाजिक र प्रशासनिक सुधार गरेर देशलाई अगाडि बढाउनेछौं। हामीले कुनै पनि हालतमा निराशा र असन्तुष्टि व्यक्त गर्नु हुँदैन। आशा र सम्भावनालाई पहिल्याउँदै जानुपर्छ।' निर्माण सुरुको २४ महिनामा सम्पन्न गर्ने लक्ष्य लिएको आयोजना १६ महिना थपपछि मात्रै निर्माण सम्पन्न भएको हो। पछिल्लो काठमाडौं उपत्यकाको चक्रपथमा विद्यमान सवारी आवागमनको अत्यधिक चापलाई व्यवस्थापन गर्न सरकारको नीति तथा कार्यक्रमबमोजिम ललितपुरको ग्वार्को चोकमा ओभरपास निर्माण कार्यको सुरुवात गरिएको हो।

चक्रपथ विस्तार आयोजनाअन्तर्गत विस्तारित सडकखण्डमा कोटेश्वरदेखि कलंकीसम्म जाम हुने तीन क्षेत्रमध्ये ग्वार्कोचोकमा पहिलो ओभरपास निर्माण भएको हो। २०७८ साल फागुन १२ गते राष्ट्रियस्तरको प्रतिस्पर्धामार्फत आशिष-समानान्तर रेलिगेर जेभीले १७ करोड ६ लाख ८८ हजारमा ओभरपासको ठेक्का पाएको हो। २०८० फागुन १२ गते सम्पन्न गर्ने सुरुको म्यादमा सम्पन्न नभएपछि २०८१ पुस ८ गतेसम्मको म्याद थप भएको थियो। ठेकेदार कम्पनीले पुष ८ गतेसम्म सम्पन्न नगरेपछि चैत्र मसान्तसम्मको भाका मागेको थियो। उक्त भाका अनुसार काम भइरहेकोमा ओभरपासको ४० मिटरको पुनर्निर्माणले एक महिना म्याद सारिएको थियो। २०८२ वैशाखभित्र ग्वार्कोको ओभरपास निर्माण सम्पन्न हुने लक्ष्य लिइएकोमा वर्षाका कारण थप एक महिना निर्माण पर सरेको थियो।

ललितपुरको ग्वार्को चोकमा निर्माणाधीन ओभरपास इन्जिनियरिङ-खरिद र निर्माण (ईपीसी) मोडलमा अघि बढाइएको हो। यो मोडल अन्तरगत ठेकेदार कम्पनीले तोकिएको अवधिमा निर्माण सम्पन्न नगरे हर्जाना तिर्नुपर्ने व्यवस्था छ। सोहीबमोजिम कम्पनीले हर्जाना तिरिरहेको सडक विभाग, गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रले जनाएको छ।

» बाँकी पृष्ठ ६